नेपाल बार एशोसिएशन (नेबाए)

**Nepal Bar Association (NBA)**

# बार्षिक साधारण सभा
# तथा

**नेबाएको केन्द्रीय कार्यकारिणी परिषद्को ४४ औ परिषद्को बैठक**

समक्ष

महासचिवद्धारा प्रस्तुत कार्यसमितिको प्रतिवेदन

**खम्मबहादुर खाती**

**महासचिव**

**नेपाल बार एशोसिएशन**

**२०७४ साल बैशाख ८ र ९ गते, कास्की, पोखरा ।**

**नेपाल बार एशोसिएशनका अध्यक्षज्यू,**
**कार्यसमितिका पदाधिकारी, पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु,**
**वरिष्ठ अधिवक्ताज्यू, नेपाल वार काउन्सिलका पार्षद्ज्यु, सबै बार इकाइका अध्यक्षज्यू, सचिवज्यू तथा पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु, केन्द्रीय पार्षद्ज्यूहरु र यस गरिमामय साधारणसभामा आसिन कानुनव्यवसायी मित्रहरु ।**

आज हामी नेपाल बार एशोसिएशनको गरीमामय कार्यकारिणी परिषद्को ४४ औँ बैठकको सिलसिलामा भेला भएका छौं । नेपाल बार एशोसिएसनको केन्द्रिय कार्यसमितिको मिति २०७२।१२।२० मा सम्पन्न निर्वाचन पश्चात मिति २०७३।०१।०७ गते पदभार हस्तान्तरण भई नेबाएको वर्तमान कार्यसमतिले आफनो कार्यभार सम्हालेको आज १ वर्ष भएको छ । नयाँ कार्यसमितीलाई आफनो अमुल्य मत दिई नेबाएको तिन बर्षे जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्पुर्ण कानुन व्यवसायी मित्रहरुमा नेबाए कार्यसमितीको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै यस कार्यसमितीलाई सफलतापुर्वक कार्यभार हस्तान्तरण गर्नु भएकोमा निवर्तमान कार्यसमिती प्रति धन्यवाद ज्ञापन गर्दछु । नवनिर्वाचित कार्य समितिको आयोजनामा यो **पहिलो वार्षिक साधारण सभा** उच्च अदालत बार एशोसिएशन पोखरा र जिल्ला अदालत बार एशोसिएशन, पोखराको आतिथ्यतामा मिति २०७३ साल बैशाख ८ र ९ गते हुन गईरहेको छ ।

लोकतन्त्र, कानुनको शासन, स्वतन्त्र न्यायपालिका, कानून व्यवसाय, कानुन व्यवसायीको व्यवसायीक सुरक्षा र सम्मान तथा मानवअधिकार लगायतका विषयमा आमूल परिवर्तन आएको छ । मुलुक एकात्मक शासन प्रणालीबाट संघात्मक प्रणालीमा प्रवेश गरेको छ भने मुलुकको शासन व्यवस्था उदार लोकतन्त्रबाट समावेशी लोकतन्त्र तर्फ उन्मुख भएको छ । संविधानसभाद्धारा नयाँ संविधान जारी भई संविधान कार्यान्वयनको चरणमा रहेको अवस्थामा हुन गईरहेको नेवाएको यो साधारण सभा र कार्यकारिणी परिषद् आफैमा विशिष्ट रहेको छ । संविधान लेखनको प्रक्रियादेखि यसका अन्तरबस्तुहरुमा असन्तुष्टि राख्दै मुलुकको जनमतको एउटा हिस्सा मधेश आन्दोलित रहिरहेको अवस्थामा संविधान कार्यान्वयनको विषय चुनौतीपूर्ण हुन पुगेको छ । यद्यपी संविधान लेखनभन्दा यसको कार्यान्वयन पक्ष जहिले पनि कठिन र जटिल हुन्छ नै, संविधान निर्माणको प्रक्रिया समाप्त भई संविधान कार्यान्वयनको चरणमा रहेको हाम्रो मुलुकका लागि यो तथ्यको हेक्का हुनु नितान्त आवश्यक छ । नेपालको विगत ६५ वर्षको अथक प्रयास पछि नेपाली जनताले संविधानसभा मार्फत आफैले वनाएको संविधान स्थापित गरेको लोकतान्त्रिक गणतन्त्र, स्वतन्त्र न्यायपालिका, संघियता, समानुपातिक, समावेशीता, वहुदलीय प्रतिस्पर्धामा आधारित आवधिक निर्वाचत, धर्म निरपेक्षता, मौलिक हक जस्ता विषयहरुलाई संविधान कार्यान्वयन मार्फत मुलुकको दिगो आर्थिक विकास गरि युवा जनशक्तिलाई मुलुकमै रोजगारीको सिर्जना तथा मुलुकलाई विश्वव्यापीकरणको हिस्सा बनाउनु र स्थानीय सरकार, प्रदेश सभा र संघिय सभाको आम निर्वाचन गराउन नेपाल सरकारको अहिलको मुलुकको प्राथमिक कार्यसूची बन्न पुगेको छ । यस्तो अवस्थामा हुन गईरहेको साधारण सभाले तत्काल कार्यान्वयन गर्न सकिने नीतिहरु समेत पहिल्याई यस नेवाए कार्यसमितिले ठोस कार्ययोजना वनाई अगाडी वढाउनु पर्ने देखिन्छ । संविधान जारी गरि राज्यको पुर्नसंरचना मार्फत नयाँ नेपालको निर्माण गर्ने लक्ष्यको प्रस्थान विन्दुको रुपमा चित्रण गरिएको संविधान जारी भई शंसोधनको अवस्थामा रहेको छ ।

निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो, निर्वाचन विना लोकतन्त्रलाई संस्थागत गर्न सकिन्न । यसै परिदृश्यमा संविधान जारी भईसकेको अवस्थामा यसलाई कार्यान्वयन गर्न, लोकतान्त्रिक व्यवस्थालाई सक्रिय पार्नका लागि अविलम्ब २०७४ माघ ७ गते भित्र तिन वटै तहको निर्वाचन गराउनु अहिलेको अपरिहार्य विषय हो । संविधानको कार्यान्वयन प्रति सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, वुद्धिजिवी, राष्ट्रसेवक कर्मचारी,

संचारजगत, सुरक्षाकर्मी र जनसाधारण एक ठाउँमा उभिएर संविधानको कार्यान्वयनमा सहयोग पुऱ्याउन सवैको दायित्व हो । यो प्रक्रियामा लाग्न नेवाए सबै कानून व्यवसायी, राजनैतिक दल तथा नागरिक समाज संग हार्दिक अपिल गर्दछ । त्यस्तै गरी न्यायपालिकामा समय सापेक्षित सुधारका लागि हुनु पर्ने प्रयासका विषयहरुका यहाँहरुको सर सल्लाह र सुझाव नेवाएकोलागि मार्गनिर्देशन हुनेछ ।

संविधान वाद, शक्तिपृथकीकरणको सिद्धान्त स्वतन्त्र सक्षम, उत्तरदायीपूर्व न्यायपालिका, विधि र कानूनको शासन प्रति नेपाल बार एशोसिएशन सदैव प्रतिवद्ध रहेको छ । बार र बेन्च एक अर्काको परिपुरक रहे भएको विषयमा कसैको दुईमत रहन सक्दैन, यदा कदा विगत देखि नै कायम रहेको न्यायपालिका स्वतन्त्र पहिचान र अस्तित्व, जनताको आशा भरोसाको केन्द्र प्रति अनास्था देखिनु, कार्यपालिका र न्यायपालिका बीच देखिएको असमाजस्यतापूर्ण कार्य र व्यवहारबाट शक्ति पृथकीकरणको सिद्धान्त उपहास गर्नु, संविधान, ऐन, कानूनको वर्खिलाप कार्य गर्ने छुट कसैलाई छैन र गर्नुहुँदैन यदि कसैको लहडवाजीमा उक्त कार्य भएमा विगतको इतिहासले कसैलाई छुट दिने छैन । यसमा नेपाल बार एशोसिएशनले Wath Dog को रुपमा कार्य गर्नेछ ।

नेपाल बार एशोसिएशन व्यवसायिक संगठन हो । यसले विशेषज्ञका हैसियतले आफ्ना धारणा निर्माण गर्दा आफ्नै विशिष्ट परिस्थितिमा विकसित भएका न्यायप्रणालीका सकारात्मक मूल्य तथा संरचनाहरुको संरक्षण गर्दै प्रक्रिया तथा प्रणालीमा रहेको समस्याहरुलाई पहिचान गरि आफ्नै परिवेश तथा अन्य देशका न्यायप्रणालीहरुले विकसित गरेका नयाँ आयामहरुलाई आफुमा समाहित गर्दै सेवाग्राहीलाई छिटो छरितो सुलभ न्याय प्रदान गर्न कार्यमा अग्रसर हुनुपर्दछ ।

एक्काइसौं शताब्दीको मानव विकासले प्रत्येक व्यक्ति तथा संस्थाको कमजोरीको उपचार उपयुक्त विधि, प्रकृया तथा व्यवस्थापनबाट मात्रै सम्भव छ ।

**नेपाल बार एशोसिएसनको २४ औं कार्यसमितिको निर्वाचन पश्चात नेपाल बार एशोसिएसनद्वारा सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरु संक्षेपमा यस गरिमामय सभा समक्ष प्रस्तुत गरेका छौं ।**

१. **राष्ट्रिय गान सम्बन्धमा**
नेपाल बार एशोसिएशनको मिति २०७३/०१/०७ गते बसेको केन्द्रिय कार्यसमितिको पहिलो बैठकबाट राष्ट्रियता, सर्वाभौमसत्ता नेपालीहरुको स्वाभिमानमा गर्व गर्ने **राष्ट्रिय गान** बारको कुनै पनि औपचारिक कार्यक्रम सभा समारोह संचालन गर्दा अनिवार्य रुपमा राष्ट्रिय धुन सहित राष्ट्रियगान वजाई सञ्चालन गर्ने गराउने निर्णय भयो ।

२. **केन्द्रिय सचिवालय गठन**
नेबाएको दैनिक कार्यसञ्चालनमा सहजताका लागि महासचिव खम्म बहादुर खातीको संयोजकत्वमा क्रमशः कोषाध्यक्ष ज्ञानरत्न शाक्य सदस्य, सदस्य अरुण पौड्याल, सदस्य कृष्णकुमार आङ्गदेम्वे र सदस्य सानुमैया महर्जन रहेको केन्द्रिय सचिवालय गठन गरिएको छ । पूर्वकार्यसमितिको कार्यकालमा केन्द्रिय सचिवालयमा रहेर जिम्मेवारी बहन गर्नु हुने सम्पूर्ण महानुभावहरुप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

३. **मधेश आन्दोलन सम्बन्धमा**
मिति २०७३ साल बैशाख ९ गते बसेको केन्द्रिय कार्य समितिको वैठकले नेबाएका उपाध्यक्ष अधिवक्ता विनय सिंहको संयोजकत्वमा सदस्य-सचिव अधिवक्ता कृष्ण प्रसाद पनेरु, सस्यहरुमा केन्द्रिय सदस्य अधिवक्ता ज्ञानेन्द्र प्रसाद अधिकारी, अधिवक्ता हरिनारायण चौधरी, अधिवक्ता इन्दु कोइराला, अधिवक्ता मधुर पाठक र अधिवक्ता रमण कुमार कर्ण रहेको **मधेश आन्दोलन सत्य तथ्य छानविन समिति** गठन गरिएको र २०७२ सालमा भएको मधेश आन्दोलनको क्रममा भएको मानव अधिकार उलंघनका लगायत विभिन्न माग सम्बन्धमा स्थलगत निरिक्षण गर्न तथा सत्य तथ्य पत्ता लगाउने प्रयोजनका लागि समिति गठन गरिएको थियो ।

४. **उच्चस्तरीय बेञ्च बार समन्वय समिति**

मिति २०७३ जेठ ११ गते मुद्दा व्यवस्थापन लगायतका तत्सम्बन्धी समसामयिक विषयहरुमा आपसी छलफल, परामर्श तथा समन्वयको कार्य गर्ने उद्देश्यकासाथ माननीय श्री वैद्यनाथ उपाध्यायज्यूको संयोजकत्वमा गठन गरिएको उच्चस्तरीय बेञ्च बार समन्वय समितिको सदस्य पदमा नेपाल बार एशोसिएशनकोतर्फबाट नेबाएका अध्यक्ष श्री शेरबहादुर के.सी., विजयकान्त मैनाली, रमणकुमार श्रेष्ठ, विजयप्रसाद मिश्र र नेबाएका महासचिव खम्मबहादुर खातीज्यूलाई प्रतिनिधि मनोनयन भएको छ ।

५. **संविधान कार्यान्वयनका सम्बन्धमा सहजकर्ताको भूमिका**

मिति २०७३ साल जेठ ३१ गते बसेको केन्द्रिय कार्य समितिको वैठकले नेवाए पूर्व अध्यक्ष तथा वरिष्ठ अधिवक्ता शम्भु थापाको संयोजकत्वमा नेवाए केन्द्रिय सदस्य अधिवक्ता ज्ञानेन्द्र प्रसाद अधिकारी सदस्य सचिव र सदस्यहरुमा वरिष्ठ अधिवक्ता महादेवप्रसाद यादव, वरिष्ठ अधिवक्ता कमलनारायण दास, वरिष्ठ अधिवक्ता विष्णु भट्टराई, वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने, वरिष्ठ अधिवक्ता सविता भण्डारी वराल, अधिवक्ता रमनकुमार श्रेष्ठ र अधिवक्ता सतिशकुमार झा रहनु भएको समितिले संविधान कार्यान्वयनको सम्बन्धमा नेवाएको तर्फबाट सहजकर्ताको भूमिका निर्वाह गर्न उद्देश्यले प्रमुख राजनैतिक दलहरु नेपाल सरकार र संघिय गठवन्धन लगायतका बीचमा वार्ताको लागि सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्न समिति गठन गरिएको थियो ।

संविधानसभाद्धारा २०७२/६/३ गते नेपालको संविधान जारी हुनु केही समय अगावैदेखि संविधानमा निश्चित वर्ग र क्षेत्रको अधिकारलाई संविधानमा सुनिश्चित नगरिएको भन्दै विगत लामो समयदेखि देशमा आन्दोलन, द्धन्द्ध चलिरहेको छ । यसै सन्दर्भमा देशले नाकाबन्दी समेत झेल्नु परेको यथार्थ पनि अगत नै छ ।

संविधान जारी भएको लामो अवधि वेतित भई सकेको तर संविधानले आन्दोलनरत दलहरुको मागलाई सम्बोधन नगरेको भन्ने समेत आधारमा आन्दोलनरत गठवन्धन/ दल/मोर्चा सम्मिलित आन्दोलनप्रति नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएबाट वार्ता-सम्वाद-आपसी छलफल-सहमति-समझदारीबाटै मुलुकको जुनसुकै/जस्तोसुकै समस्याको समाधान हासिल गर्न सकिन्छ भन्ने दृढ विश्वास र यसप्रतिको मान्यतालाई आत्मसाथ गर्दै आन्दोलनरत दल/मोर्चा/संघिय गठबन्धन प्रतिपक्षी दल र नेपाल सरकार समेतसँग वार्ता गर्न, वार्ता सहजीकरण समिति गठन भएबाट नेपाल सरकारमा संलग्न राजनीतिक दल तथा प्रतिपक्षमा रहेका राजनीतिक दलहरु संग यो वार्ता सहजीकरण समिति भेटघाट, छलफल गरी वर्तमान समस्याको समाधानमा सहयोग गर्ने उद्देश्यले **वार्ता सहजिकरण समिति** क्रियाशिल रही आन्दोलनरत पक्ष तथा सरकारमा रहेका राजनीतिक दल र प्रतिपक्ष दल समेत संग विभिन्न चरणमा वार्ता गरिएको तर राजनीतिक समिकरण परिवर्तन पछि उक्त कार्यमा स्वयं नेपाल सरकारले आफै पहल गरिरहेको अवस्था विद्यमान छ, तथापी हाल सम्म समस्या समाधान भईनसकेको हुँदा नेपाल बार एशोसिएशनले पुनः पहल गर्न प्रतिवद्ध छ ।

६ **तथ्याङ्क विवरण समिति**

नेवाएको मिति २०७३।१।९ मा वसेको कार्यसमितिको वैठकबाट नेवाएका उपाध्यक्ष मोतिराज गौतमको संयोजकत्वमा सह-संयोजक क्रमस उपाध्यक्ष घनश्याम पन्त, शालिकराम सापकोटा, विनयकुमार सिंह, मदन खड्का, कुलानन्द उपाध्याय र सदस्यहरुमा ज्ञानेन्द्र प्रसाद अधिकारी, अश्विन कुमार राई, इन्द्रबहादुर खधिकारी ,मधुर पाठक, श्यामकुमार विश्वकर्मा र सदस्य सचिवमा विष्णुमाया भुषाल रहेको समिति गठन गरी सम्पूर्ण बार इकाइमा कानून व्यवसायीहरुको व्यक्तिगत

विवरण संकलन गर्ने समिति गठन भएकोमा हाल सम्म सम्पूर्ण वार इकाइको विवरण उपलव्ध हुन नसकेको अवस्था विद्यमान छ ।

७. **वैतनिक कानून व्यवसायी र विभिन्न निवेदनका ढाँचाहरु प्रकाशित सम्बन्धमा**

नेपाल बार एशोसिएशनको मिति २०७३ जेठ ३१ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकबाट न्यायमा पहुँच आयोग २०७२ द्वारा सेवाग्राहीले अदालतमा पेश गर्ने गरी सर्वोच्च अदालतको लागि ३२, पुनरावेदन अदालतको लागि ३५ र जिल्ला अदालतको लागि ४० थान निवेदनका ढाँचाहरु प्रकाशित गरेकोमा नेबाएको गम्भीर ध्यानाकर्षण भई उक्त नमुनाहरु तत्कालै खारेज गर्नका लागि श्री सम्मानित सर्वोच्च अदालत समक्ष जोड्दार माग गरेपनि हाल सम्म अर्निणित रहेको छ ।

बैतनिक कानुनव्यवसायी नियुक्ति तथा सेवाका शर्त सम्बन्धी निर्देशिका, २०७२ को दफा ४(१) (क), (ख), (ग) मा छनोट समितिका सम्बन्धमा यसभन्दा अघि छनोट समितिमा प्रत्येक बार एकाइको प्रतिनिधि राख्ने व्यवस्था तथा प्रचलन भएकोमा हाल उक्त व्यवस्था तथा प्रचलन हटाईएकोले यस अघि भएबमोजिमको प्रचलित व्यवस्थालाई कायम गर्नका लागि तत्कालै निर्देशिकालाइ संशोधन गरी बार एकाइको प्रतिनिधिको सहभागितालाई सुनिश्चित गराउनका लागि श्री सम्मानित सर्वोच्च अदालतसमक्ष पत्राचार गरिएको भएपनि हाल सम्म अर्निणित रहेको छ ।

८. **केन्द्रिय कानूनी सहायता समिति सम्बन्धमा**

नेपाल बार एशोसिएशनले केन्द्रिय कानूनी सहायता समिति छिटो, छरितो र पारदर्शिपूर्ण वनाउने उद्देश्यले एकद्धार प्रणालीबाट संचालन गर्नु पर्ने माग केन्द्रिय कार्य समिति राखेको र यस बारेमा छलफलको क्रममा रहेको निकट भविश्यमा उक्त कार्य नेपाल बार एशोसिएशनले संचालन गर्न पाउनु पर्ने नेवाएको ठहर छ ।

९. **सवारी साधान विक्री गरिएको सम्बन्धमा**

नेपाल बार एशोसिएशनको नाममा रहेको स्कोरपियो बा ४ च ८७०९ को गाडी नेवाएको सचिवालयले सिलवन्दी वोलपत्र आह्वान गरी विक्री गर्ने कार्य गरियो ।

१०. **सत्य निरुपण तथा मेलमिलाप आयोग मागेको सुझावका सम्बन्धमा**

उजुरी छानविन लगायतका आयोगले सम्पादन गर्ने कार्यमा नेपाल बार एशोसिएशनसँग आवद्ध कानुनव्यवसायीहरुबाट वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३२ (१) बमोजिम विशेषज्ञको रुपमा आयोगले सेवा लिन सक्ने नै हुँदा उक्त सेवामा संलग्न कानुनव्यवसायीले संस्थागत रुपमा नेपाल बार एशोसिएशन वा नेपाल बार एशोसिएशनका इकाईको संस्थागत प्रतिनिधित्व गर्ने नभई निज विशेषज्ञको रुपमा स्वतन्त्र र स्वयं उत्तरदायित्वपूर्ण भूमिका निर्वाह गर्ने नै छन । उजुरी प्रारम्भिक छानविन कार्यका लागि अनुसन्धान अधिकारीमा रहने वा नरहने सो सम्बन्धमा आवश्यकता अनुसार बिज्ञ विशेषज्ञ, बरिष्ठ अधिवक्ताको नामावली, सेवा, शर्त, सुविधा वा अन्य विषयमा सम्बन्धित विज्ञको सहमतिमा गर्नु हुन सात वटा क्षेत्रमा स्थापना हुने आयोगको कार्यक्रमलाई नामावली उपलब्ध गराई सहयोग गरिदिने भनि पत्राचार भएकोमा नेवाएको तर्फबाट सातवटा क्षेत्रका उच्च अदालत बार एशोसिएशनका अध्यक्षहरुलाई सम्पर्क गर्ने उच्च अदालत क्रमस बिराटनगर, जनकपुर, हेटौडा, पोखरा, दाङ, सुर्खेत र दीपायल उच्च अदालत बार एशोसिएशनमा पत्राचार गरी वोधार्थ उक्त आयोगलाई दिने कार्य भएको छ ।

११. **न्यायपरिषद सदस्य सिफारिस सम्बन्धमा**

नेपाल बार एशोसिएशनको २०७३ साल भाद्र २६ गते नेवाए अध्यक्ष अधिवक्ता श्री शेर बहादुर के.सी.को अध्यक्षतामा केन्द्रिय कार्यसमितिको पदाधिकारी तथा सम्पूर्ण सदस्यहरुको शत प्रतिसत

उपस्थिति भई बसेको बैठकले न्याय परिषद्को सदस्यमा नेपालको संविधानको धारा १५३(ङ) बमोजिम न्याय परिषद्को सदस्यमा वरिष्ठ अधिवक्ता राम प्रसाद सिटौलालाई नेवाएको तर्फबाट राष्ट्रपति समक्ष नियुक्तीका लागि र सो अगावै संसदीय सुनाईका लागि सिफारिस गरि पठाउने निर्णय गरियो ।

१२. **उच्च अदालत बारको नामाकरण सम्बन्धमा**

नेपाल बार एशोसिएशनको २०७३।७।१९ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयअनुसार पुनरावेदन अदालतहरु उच्च अदालतमा रुपान्तरित भईसकेको अवस्थामा पुनरावेदन अदालत बार एकाइहरुको नामाकरण गर्ने सम्बन्धमा नेपाल बार एशोसिएशनका उपाध्यक्ष अधिवक्ता श्री उषा मल्ल पाठकज्यूको संयोजकत्वमा अधिवक्ता श्री मोतिराज गौतम, अधिवक्ता श्री घनश्याम पन्त, अधिवक्ता श्री शालिकराम सापकोटा, अधिवक्ता श्री विनय सिंह, अधिवक्ता श्री मदनकुमार खड्का, अधिवक्ता श्री कुलानन्द उपाध्याय सदस्य रहने गरी राय परामर्श सङ्कलन समिति गठन गरिएकोमा प्राप्त सरसल्लाह र प्रतिवेदनको आधारमा साविक पुनरावेदन अदालत बार एशोसिएशन भएको ठाउँमा उच्च अदालत वार एशोसिएशन नामाकरण गर्ने निर्णय भयो ।

१३. **बार स्थापना दिवस (बार डे) को उपलक्ष्यमा अतिरिक्त कृयाकलाप**

मिति २०७३ साल पौष ७ गते नेवाएको **बार डे** (Bar Day) भएको हुँदा उक्त **बार डे** लाई मध्यनजर राखी काठमाडौं उपत्यका अन्तर वार इकाई फुटवल प्रतियोगिता संचालन गरी उत्कृष्ट टिम तथा उत्कृष्ट फुटवल खेलाडीको टिम बनाई मार्च २३ देखि २६ मा 3rd Asian Football Cup of Lawyers, ASIAN/APS Hano1-Vietman मा भाग लिने उद्देश्यले, नेपाल बार एशोसिएशन अन्तर्गतका सम्बन्धित बार इकाइहरु बीच प्रतिष्पर्धा गराई Asian Football Cub for Lawyers मा नेवाएको कोषाध्यक्षको नेतृत्वमा ३५ जना कानून व्यवसायीहरुले नेवाएको तर्फबाट प्रतिनिधित्व गर्ने गरी, मार्च २३ देखि २६, २०१७ मा सहभागी भएको र त्यसबाट नेवाएलाई फ्यर प्लेयर अवार्ड बाट पुरस्कृत भएकोमा सम्पूर्ण कानून व्यवसायीहरुलाई वधाई ज्ञापन गरिएकोछ ।

१४. **विधान संशोधन मस्यौदा समिति गठन गरिएको सम्बन्धमा**

नेपाल बार एशोसिएशनको मिति २०७३ पुस २८ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकले निर्णय गरेअनुसार नेपालको संविधान तथा न्याय प्रशासन ऐन २०७३ नयाँ जारी भएको अवस्थामा अदालतको संरचना समेत परिवर्तन भएको हुँदा सोही वमोजिम नेपाल बार एशोसिएशनको विधान, २०४८ मा समेत समय सापेक्ष संशोधन गर्न बान्छनीय भएकोले अधिवक्ता श्री उषा मल्ल पाठकको संयोजकत्वमा सदस्यहरु अधिवक्ता श्री मोतिराज गौतम, अधिवक्ता श्री घनश्याम पन्त, अधिवक्ता श्री शालिकराम सापकोटा, अधिवक्ता श्री विनय सिंह, अधिवक्ता श्री मदनकुमार खड्का, अधिवक्ता श्री कुलानन्द उपाध्याय, अधिवक्ता श्री गोपालकृष्ण घिमिरे, अधिवक्ता श्री रमेश वडाल, अधिवक्ता श्री दिनमणि पोखरेल, अधिवक्ता श्री कृष्ण तिमिल्सिना, अधिवक्ता श्री पंकज कर्ण र सदस्य सचिवमा अधिवक्ता श्री मधुर पाठक रहेको **विधान संशोधन मस्यौदा समिति** गठन गरिएकोमा हाल सम्म केहि बार इकाइ बाहेक अन्य बार इकाइहरुको सुझाव प्राप्त नभएको व्यहोरा जानकारी गराउदछौं ।

१५. **उच्च अदालत बार एशोसिएशन, विरगंज गठन सम्बन्धमा**

उच्च अदालत बार एशोसिएशन, विरगंजको मिति २०७३।९।७ को पत्र अनुसार गठन गरिएको कार्यसमितिलाई नेपाल बार एशोसिएशनको मिति २०७३ साल पुस २८ गते वसेको केन्द्रिय कार्यसमितिको निर्णय अनुसार नेपाल बार एशोसिएशनको विधान २०४८ को धारा ४७ (२) बमोजिम नव गठित उच्च अदालत बार एशोसिएशन विरगंजलाई स्विकृति प्रदान गरिएको छ ।

१६. **समितिहरु गठन**

नेबाएलाई चुस्त दुरुस्त रुपमा क्रियाशील बनाई घोषित उद्देश्य प्राप्त गर्न नेवाए अन्तर्गतका समितिहरुको गहन भूमिका हुने भएकोले यसलाई आत्मसाथ गर्दै विभिन्न समितिहरु गठन गर्ने कार्य

भएको छ । हामीलाई आशा छ गठन गरिएका समितिहरुमार्फत नेबाएको घोषित उद्देश्य पुरा गर्न जीवन्तता प्राप्त हुनेछ ।

१७. **नेपाल बार एशोसिएशनको विरोध कार्यक्रम सम्बन्धमा**

उच्च अदालतका न्यायाधीश नियुक्तीको सिफारिस गरिएको विषयमा छनोटका आधार तथा मापदण्ड पारदर्शि नरहेको, परिषद्का २ जना सदस्यहरु वरिष्ठतम न्यायाधीश वैद्यनाथ उपाध्याय र राम प्रसाद सिटौलाको अनुपस्थितिमा परिषद्को कार्यक्रम मध्यरातमा अस्वभाविक ढङ्गले नेपालको संविधानको धारा ४२, १४०, १५३ तथा न्यापरिषद् ऐन २०७३ को दफा ५(१) को प्रतिकुल हुने गरी समानुपातिक समावेशी नभएको, महिला, दलित, आदीवासी, जनजाती, मधेसी, पिछडिएको क्षेत्र समेतको उचित प्रतिनिधित्व नभएको प्रकृया र पद्दतिको ठाडै उल्लंघन गरिएको संवैधानिक इजलास गठन नगरेको, मुद्धा पेशी व्यवस्थापन उचित नभएको नेवाएको अस्तित्वलाई प्रधान न्यायाधीश तथा न्याय परिषदका अध्यक्ष श्री शुशिला कार्कीबाट ने.बा.ए. र कानून व्यवसायीको अस्तित्वलाई स्वीकार नगरी निषेधको मानसिकताबाट अग्रसर भई संविधानले निर्धारण गरेका कतिपय व्यवस्थाको पालना गर्न वर्तमान प्रधान न्यायाधीशको नेतृत्वदायी भूमिकाबाट पन्छि स्वतन्त्र सक्षम उत्तरदायी न्यायपालिकामा प्रत्यक्ष रुपमा असर पर्ने गरी निर्देशित न्यायपालिका वनाउन खोजेको हुँदा उक्त कार्यबाट कार्यबाट स्वतन्त्र सक्षम, न्यायपालिकाको जवाफदेहिता, न्याय प्रति आम जनताको अपेक्षा भन्दा बाहिर गएको नेपाल बार एशोसिएशनले ठहर गरी विभिन्न मितिमो प्रेश विज्ञप्ती समेत जारी गरेकोमा बार र वेञ्च एक अर्कोको परिपुरक भएको हुँदा आपसि सर सल्लाह, सम्बाद र सहमति विच मात्र बेञ्च र बारको अस्तित्व कायम रहन सक्छ भन्ने ठहरका साथ नेवाए र सर्वोच्च अदालत विच मिति २०७३।१०।१८ मा सम्झौता भएकोमा हाल सम्म उक्त सम्झौता कार्यान्वयन नभएको अवस्था विद्यमान छ ।

१८. **उच्च स्तरिय बेञ्च-बार समन्वय समिति गठन**

सर्वोच्च अदालतको मुद्दा, पेशी तथा बहस व्यवस्थापन लगायतका तत् सम्बन्धी समसामयीक विषयहरुमा आपसी छलफल, परामर्श तथा समन्वय एवम् सुधारका कार्य गर्ने उद्देश्यका साथ माननीय न्यायाधीश श्री गोपाल पराजुलीज्यूको संयोजकत्वमा **उच्च स्तरिय बेञ्च-बार समन्वय समिति** गठन भएकोमा नेपाल बार एशोसिएशनको तर्फबाट अधिवक्ता श्री शेरबहादुर के.सी. अध्यक्ष, नेवाए, वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, पूर्व अध्यक्ष नेवाए, वरिष्ठ अधिवक्ता श्री शम्भु थापा पूर्व अध्यक्ष नेवाए, वरिष्ठ अधिवक्ता श्री प्रेमबहादुर खड्का पुर्व अध्यक्ष नेवाए, वरिष्ठ अविधक्ता श्री हरि प्रसाद उप्रेती पूर्व उपाध्यक्ष नेवाए ,अधिवक्ता श्री शैलेन्द्र दाहाल अध्यक्ष, सर्वोच्च अदालत बार एशोसिएशन, अधिवक्ता श्री खम्म बहादुर खाती महासचिव, नेवाए रहेको उच्च स्तरिय बेञ्च-बार समन्वय समिति गठन भएको छ ।

१९. **एमिकस क्युरीको रुपमा बहस पैरवी**

सर्वोच्च अदालतबाट आदेश भई एमिकस क्युरीको रुपमा नेवाएको तर्फबाट विभिन्न मुद्धामा विभिन्न मितिमा वहस पैरवीका लागि वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुलाई विज्ञ विशेषज्ञताका रुपमा एमिकस क्युरीको रुपमा वहस पैरवी गर्न पठाउने कार्यलाई निरन्तरता दिने कार्य भएको छ ।

२०. **IBA Conference सम्बन्धमा**

इन्टरनेशलन बार एशोसिएशनले नवोदित कानुन व्यवसायीलाई लक्षित गरि (IBA Developing Bar Programm for Young Lawyers to attend the IBA Annual Conference In Sydney) सन् २०१७ अक्टुवर ८ देखि १३ सम्म हुने कार्यक्रमा ४ जना ३५ वर्ष मुनिका अधिवक्ताहरुलाई sponsorship गर्ने कार्ययोजना IBA को रहेकोले मनोनयनको लागि IBA मा पठाउने निर्णय गरेको छ । यसका अतिरिक्त नेवाएले IBA Conferece भाग लिनका लागि लाग्ने रजिष्ट्रेशन दस्तुर अविकसित मुलुक( नेपाल) को कानून व्यवसायीको लागि सहज प्रतिनिधित्वहुनेगरी रजिष्ट्रेशन दस्तुर कमगर्न IBA मा पत्राचार गरिएको छ ।

२१. **(Pro-Bono) सम्बन्धी निर्देशिका तयार**

स्वेच्छिक कानूनी सेवा (Pro-Bono) सम्बन्धी निर्देशिका तयार गरी एक महिना भित्र न्यायमा पहुँच आयोग समक्ष पेस गर्न न्यायमा पहुँच आयोगका सदस्य श्री कुमार इङ्नामज्यूको संयाजकत्वमा गठित समितिमा नेवाएको तर्फबाट नेवाएका उपाध्यक्ष अधिवक्ता श्री मोतिराज गौतमलाई प्रतिनिधि मनोनयन गरि पठाउने कार्य गरेको छ । उक्त निर्देशिकाको सन्दर्भमा नेवाएको कार्यसमिति र सर्वोच्च अदालत न्यायमा पहुँच समितिविच मिति २०७३ चैत्र २५ गते धुलिखेलमा एक दिने विस्तृत छलफल कार्यक्रम सम्पन्न भयो ।

२२. **प्रतिनिधि मनोनयन**

झुठ्ठा अभिव्यक्ति (Perjury) विषयक विधेयक तुर्जमा गर्ने सम्बन्धमा नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलको संयोजकत्वमा भएको कार्यदल गठनको बैठकमा नेपाल बार एशोसिएशनको तर्फबाट नेवाए केन्द्रिय सदस्य अधिवक्ता कृष्ण प्रसाद पनेरुलाई मनोनयन गरिएको छ ।

२३. **लेखापरिक्षक नियुक्ती**

नेपाल बार एशोसिएशनको मिति २०७३ साल बैशाख ७ गते सम्पन्न भएको आ.व. ०७१/७२ को साधारण सभाले नेवाएको आ.व. ०७२/०७३ को लेखा परिक्षण गर्नको लागि RAJMS & Co, Chartered Accountants लाई लेखा परिक्षक नियुक्ती गरिएको र सो लेखा परिक्षण गरे बापत रु ३५,०००।- पारिश्रमिक भुक्तानी गरिएको थियो । आ.व. ०७३/०७४ को लागि लेखा परिक्षक र पारिश्रमिक तोक्ने सम्बन्धी प्रस्ताव यस साधारण सभामा पेश गर्दछु ।

२४. **राय सल्लाह बारे**

नेपाल बार एशोसिएशन र सल्लाहकार समितिका बीच मिति २०७३ माघ २५ गते बसेको संयुक्त बैठकबाट प्राप्त राय, सल्लाह र सुझाव अनुसार मिति २०७३/०९/२८ गतेका दिन न्याय परिषद्को सिफारिसमा उच्च अदालतका माननीय न्यायाधीशहरुको नियुक्तिको विषयलाई लिएर नेपाल बार एशोसिएशनको तर्फबाट प्रतिनिधित्व गर्ने न्याय परिषद्का माननीय सदस्य श्री रामप्रसाद सिटौला र प्रधामनमन्त्रीबाट सिफारिस भई नियुक्त हुनु भएका न्याय परिषद् सदस्य माननीय श्री पदमप्रसाद वैदिकज्यूसँग न्यायाधीशको सिफारिस र नियुक्तिका सम्बन्धमा जानकारी लिने उद्देश्यले बरिष्ठ अधिवक्ता, पूर्व अध्यक्ष नेबाए श्री प्रेमबहादुर खड्काको संयोजकत्वमा सदस्यहरु बरिष्ठ अधिवक्ता श्री हरिशङ्कर निरौला, बरिष्ठ अधिवक्ता श्री डा. कुमार शर्मा आचार्य, अधिवक्ता श्री जिवना बादे श्रेष्ठ, अधिवक्ता श्री सुरेन्द्रकुमार महतो रहनेगरी समिति गठन गरिएको छ ।

२५. **कानुनव्यवसायी समन्वय समितिले उठाउनु भएको मागका सम्बन्धमा**

नेपाल बार एशोसिएशन र सल्लाहकार समितिको बीच मिति २०७३ माघ २५ गते बसेको संयुक्त बैठकबाट प्राप्त राय, सल्लाह र सुझाव अनुसार २ नं. प्रदेशमा रहेका नेपाल बार एशोसिएशन अन्तरगतका ईकाइहरु क्रमशः पर्सा, बारा, जनकपुर, सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहटले मिति २०७३/०९/२८ गते न्याय परिषद्को सिफारिसमा उच्च अदालतका माननीय न्यायाधीशहरुको सिफारिस तथा नियुक्तिको विषयलाई लिएर उक्त नियुक्ति नेपालको संविधान र न्याय परिषद् ऐनको विपरित समानुपातिक, समावेशीको सिद्धान्तको प्रतिकूल, गैर संवैधानिक, गैरकानुनी भएको भन्दै विभिन्न विरोध कार्यक्रमहरुलाई निरन्तर अगाडी बढाई रहेको स्थिति कायम रहेको र यसै सम्बन्धमा नेपाल बार एशोसिएशन र सर्वोच्च अदालतका बीच मिति २०७३/१०/१८ मा ७ बुँदे सहमति भइसकेको अवस्थामा प्रदेश नं. २ का का कानुनव्यवसायीहरुले उठाउनु भएको मागका सम्बन्धमा वार्ता, छलफल र संवाद गर्नका लागि बरिष्ठ अधिवक्ता श्री कमलनारायण दासको संयोजकत्वमा सदस्यहरु अधिवक्ता श्री शशि कुमारी अधिकारी राउत, अधिवक्ता श्री गोपालकृष्ण घिमिर,अधिवक्ता श्री सुनिलकुमार पोखरेल, अधिवक्ता श्री गोविन्द शर्मा बन्दी,अधिवक्ता श्री हरि फुयाल,अधिवक्ता श्री विजयप्रसाद मिश्र, अधिवक्ता श्री हरिन्द्रकुमार राई, अधिवक्ता श्री

सतिशकुमार झा, अधिवक्ता श्री दिनमणि पोखरेल र सदस्य सचिव अधिवक्ता श्री रमण कुमार कर्ण रहेको वार्ता समिति गठन भएको र दुई पक्ष विच भएको वार्तामा ७ वुदे सहमती भई विरगंज घोषणा पत्रमा उल्लेखित बुँदाहरुलाई लिएर सल्लाहकार समिति र वार इकाईहरुको लिखित रुपमा राय सुझाव लिने भनेकोमा सम्पूर्ण बार इकाइमा पत्राचार गरिएकोमा हाल सम्म लिखित सुझाव प्राप्त नभएको व्यहोरा जानकारी गराउँदछु ।

२६. <u>नेवाएको तर्फबाट सहभागीता</u>

(क) **आईबीएको अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी सम्बन्धमा**

नेपाल बार एशोसिएशन अन्तराष्ट्रिय बार एशोसिएशन (आईबीए), ल एशिया, सार्क ल समेतको क्रियाशील सदस्यको रुपमा नेपालकोतर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसै सन्दर्भमा संस्थागत रुपमा नेवाएको तर्फबाट प्रतिनिधित्व गर्दै आफ्नो व्यक्तिगत खर्चमा नेबाएका अध्यक्ष अधिवक्ता श्री शेरबहादुर के.सी., महासचिव श्री खम्मबहादुर खाती, कार्यसमिति सदस्य श्री इन्द्रबहादुर अधिकारी, बरिष्ठ अधिवक्ता श्री उपेन्द्रकेशरी न्यौपाने आईबीएको अन्तर्राष्ट्रिय सम्मेलन (१८ सेप्टेम्बर देखि २३ सेप्टेम्बर २०१६) मा भाग लिनका लागि मिति २०७३ भाद्र २९ गतेका दिन संयुक्त राज्य अमेरिकाको वासिङटन डि.सी.मा गई नेवाएको सम्पूर्ण गतिविधि IBA, अध्यक्षलाई जानकारी गराउनका साथै विभिन्न विषयमा आफ्नो धारणाहरु राखेको थियो ।

(ख) नेपाल बार एशोसिएशनको तर्फबाट UNDPको Sponsorship मा नेवाएका अध्यक्ष शेरबहादुर के.सी. र महासचिव खम्मबहादुर खाती 2nd Internationla conference on Access to Legal Aid in Criminal Legal Systems (November 15 to 17, 2016 Buenos Aires, Argentina) मा सहभागी भई नेवाएको तर्फबाट आफ्नो धाराण प्रस्तुत गरिएको थियो ।

(ग) नेवाएको तर्फबाट **China-South Asia Legal Forum** को निमन्त्रणामा **"Strengthening Legal Interconnectivity & Jointly Building ‘Belt and Road’ Kunming** मा १४ देखि १६ डिसेम्बर २०१६ मा भएको कार्यक्रममा व्यक्तिगत खर्चमा नेवाएका महासचिव खम्मबहादुर खातीले सहभागीता जनाई कार्यपत्र समेत प्रस्तुत गर्न कार्य भएको थियो ।

२७. <u>लयर्स एकेडेमी विधेयक</u>

कानुनव्यवसायीहरुको स्तर उन्नती, अभिमुखिकरण तालिम प्रशिक्षण र निरन्तर कानूनी शिक्षा प्राप्तीका लागि यो विद्ययक प्रस्तावित गरिएको छ । लयर्स एकेडेमी विधेयक उपर मन्त्रीपरिषद्मा सैद्धान्तिक सहमति प्राप्त भई कानून तथा न्याय मन्त्रालयका सह-सचिव लिला देवी गर्तौलाको अध्यक्षतामा उच्च स्तरीय मस्यौदा समिति गठन भई सो समितिले मस्यौदा गर्ने कार्य अन्तिम चरणमा पुऱ्याएको छ । नेवाएका पूर्व महासचिव विजय मिश्रलाई सो समितिसँग समन्वय गरी कार्य गर्न नेवाएले जिम्मेवारी दिएकोछ ।

२८. **मुख्य रुपमा २४ औं कार्यसमितिको निर्वाचन पश्चात नेबाएले नियमित सञ्चालन गर्दै आएका तथा विधानबमोजिम देहायबमोजिमको कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न भएका छन्-**

| मिति | कार्यक्रम | आयोजित स्थान / आतिथ्यता बार एकाइ |
|---|---|---|
| २०७३ भाद्र २४ र २५ गते | २५ औं कानून व्यवसायी राष्ट्रिय महिला सम्मेलन सम्मानीय प्रधान न्यायाधीश शुसीला कार्कीज्यूको प्रमुख आतिथ्यतामा आर्थिक क्षेत्रमा महिला सहभागिता: संवैधानिक हकको सुनिश्चितता भन्ने मुल नाराका साथ सम्पन्न भयो । | काठमाडौंमा महेन्द्र पुलीसक्लवमा सम्पन्न |

| | | |
|---|---|---|
| २०७३ पुस २५ गते डिसेम्वर १० तारिख | अन्तराष्ट्रिय मानव अधिकार दिवसका रुपमा विश्वव्यापी रुपमा मनाउँदै गरिएको र नेपाल बार एशोसिएशनले समेत विभिन्न कार्यक्रम साथ सम्माननीय प्रधान न्यायाधिश शुसीला कार्कीज्यूको प्रमुख आतिथ्यतामा मानव अधिकार र कानूनी शासनः नेवाएको अभियान भन्ने मुलनाराकासाथ विरगंजमा सम्पन्न भयो । | पर्सा जिल्ला अदालत अदालत बार एशोसिएशनको आतिथ्यतामा |

## २९. नेपाल बार एशोसिएशन र विभिन्न संघ संस्था संगको सहयोग र सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरु

| कार्यक्रम आयोजना गरिएको जिल्ला | कार्यक्रम | **सहभागी जिल्ला** | **सहभागी संख्या** | **मिति** |
|---|---|---|---|---|
| चितवन | Professional Capacity Enhancement Training for legal Aid Lawyers in Criminal Cases | ८ इकाई बारका कानून व्यवसायीहरु | ३० जना | २०७३ जेष्ठ ७ देखि ११ सम्म ५ दिन |
| धनगढी | Professional Capacity Enhancement Training for Legal aid Lawyers in Criminal Case | १० बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ जेष्ठ २५ देखि २५ सम्म ५ |
| ईलाम | ५ दिने Professional Capacity Enhancement Training for Legal Aid Lawyers in civil Cases | १० बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ असार १२ देखि १६ |
| सुर्खेत | ५ दिने Professional Capacity Enhancement Training for legal Aid Lawyers in Civil Cases | ८ बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ श्रावण ७ देखि ११ सम्म |
| दाड | ५ दिने Professional Capacity Enhancement Training for Legal Aid Lawyers in Civil Cases | ८ बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ श्रावण ९ देखि १३ सम्म |
| काभ्रेपलाञ्चोक | ५ दिने Professional Capacity Enhancement for Civil Legal Aid Lawyers Training | १४ बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ भाद्र ५ देखि ९ |
| बाग्लुङ्ग | ५ दिने Professional Capacity Enhancement for Civil Legal Aid Lawyers Training | ९बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ भाद्र १० देखि १४ सम्म |
| बुटवल | ५ दिने Professional Capacity Enhancement Training for Criminal Legal Aid Lawyers | ६ बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ कार्तिक ६ देखि १० गत |
| सप्तरी | ५ दिने Professional Capacity Enhancement Training for Criminal Legal Aid Lawyers | ९बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ मंसिर ११ देखि १५ गते |
| महेन्द्रनगर | ३ दिने Refresher Training for Legal Aid Lawyers | ९बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ फाल्गुण ६ देखि ८ गते |
| बिराटनगर | ३ दिने Refresher Training for Legal Aid Lawyers | ८ बार इकाइबारका कानून व्यवसायीहरु | ३० जना | २०७३ चैत्र ५ देखि ७ |

| | | | | |
|---|---|---|---|---|
| | Women Lawyers Joining Hands, DLA Piper, Symes, Street and Millard र UNDP को सहयोगमा ६ दिने Professional Skills Enhancement Training for Women Lawyers कूल १० जना अन्तर्राष्ट्रिय प्रशिक्षक र १५ जना राष्ट्रिय प्रशिक्षकहरुद्धारा (Basic र Advance) गरी २ समूहमा तालिम सचाँलन भयो | | (Basic र Advance) दुई समूह ३०, ३० जना गरी जम्मा ६० जना | २०७३ चैत्र १३ देखि १८ गतेसम्म |
| Trade Tower, Thapathali | ६ महिने कानून व्यवसायीअभ्यासवृत्ति कार्यक्रम समूह III को Refresher training | ९ दिन सम्म मा सम्पन्न भयो र त्यही दिन समापन समारोह गरी ईर्न्टनहरुलाई प्रमाणपत्र वितरण गरियो । त्यस समापन समाराहको प्रमुख अतिथि सर्वोच्च अदालतका माननीय बरीष्ठतम न्यायाधीश बैधनाथ उपाध्याय रहनु भएको थियो । | ४० जना | २०७३ असार ३० |
| हेटौडामा | ने बा ए र International Legal Foundation को सहकार्यमा Criminal Defense Lawyers Training | | | २०७३ श्रावण २ देखि ८ सम्म श्रावण २३ देखि २९ सम्म पोखरामा, भाद्र ५ देखि ११ सम्म नेपालगजमा, भाद्र २३ देखि २९ सम्म जनकपुरमा र असोज ४ देखि १० सम्म बिराटनगरमा सम्पन्न भएको थियो । |

| तालिम कार्यक्रम सञ्चालन गरेको स्थान | मिति | कैफियत |
|---|---|---|
| नेपाल बार एशोसिएशनले अन्तराष्ट्रिय कमिशन अफ जुरिष्ट (ICJ) नेपालसँगको प्राविधिक सहयोगमा फौज्दारी संहितामा गम्भीर अपराध सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा स्थानिय बार एशोसिएशनका प्रतिनिधि, मानव अधिकार कर्मी र द्धन्द पिडित लगायतका १६० जना भन्दा बढिको सहभागितामा सफलतापूर्वक एक दिवसिय गोष्ठी चार वटा क्षेत्रमा सम्पन्न । | २०७३ भाद्र ३ गते विराटनगर २०७३ भाद्र ९ गते पोखरा २०७३ भाद्र १८ नेपागञ्जमा र २०७३ असोज ६ गते डोटी सम्पन्न । | |
| राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपालले कानून व्यवसायीहरुलाई लक्षित गरी बहस कला तथा व्यवसायिक आचार संहिता सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रम ३ चरणमा २२ जनाका दरले जम्मा ६६ जनालाई प्रशिक्षण गर्ने कार्य सम्पन्न भयो । | २०७३।५।२३ देखि २६ सम्म २०७३।५।२७ देखि २९ र २०७३।५।३० देखि आश्विन १ गते सम्म | राष्ट्रिय न्यायिक प्रतिष्ठान मनमैजू |
| नेपाल बार एशोसिएशन र मेलमिलाप परिषद् विच मेलमिलापसम्बन्धी आठ दिवसीय आधारभूत तालिम | मिति २०७३/३/२४ देखि २०७३/३/३१ सम्म | |

**उपरोक्त उल्लेखित स्थान र मितिमा सम्पन्न विभिन्न तालिमहरुमा २०० जना भन्दा वढी सम्बन्धीत विषयका विशेषज्ञ कानून व्यवसायीज्यूहरुले प्रशिक्षक/श्रोत व्यक्तिको रुपमा नेवाएको अनुरोधमा सहयोग पुऱ्याउनु भएको थियो ।

३०. ६ महिने कानूनी अभ्यासवृत्ति कार्यक्रम समूह IV को सचालनको लागी अधिवक्ता विजय प्रसाद मिश्र र अधिवक्ता गोपाल कृष्ण घिमिरेलाई Internship Guideline र Course Module पुनराबलोकन को लागी नेबाएले जिम्मेवारी दिएकोमा उक्त कार्य सम्पन्न भएको छ ।

३१. २०७३ फाल्गुण २० गते Batch I, II, III, IV का Legal Interns को alumni गठन गर्ने उद्देश्यले एक दिने National Conference on Legal Interns Alumni काठमाडौंको Trade Tower मा सम्पन्न भएको थियो । यस Conference बाट ने.बा.एका सम्पूर्ण इर्न्टनहरुको एउटा Steering Committee को स्थापना भएको छ ।

३२. **विभिन्न गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम, अन्तरक्रिया तथा भेटघाट**

नेपाल बार एशोसिएशनको तर्फबाट विभिन्न संघ संस्था गोष्ठी, सेमिनार, तालिममा आमन्त्रण गरिएकोमा नेवाएको तर्फबाट प्रतिनिधि खटाई उक्त कार्यक्रमा सक्रियताका साथ भाग लिएको र विभिन्न अन्तराष्ट्रिय संघ संस्था ILF को प्रतिनिधि, जापानिज बार एशोसिएशनका प्रतिनिधि, चाइना बार एशोसिएशनका प्रतिनिधि, IBAका Senior Legal Consultant, Management And Policy Department Chief Anurag Ban, युरोपियन युनियनका प्रतिनिधि, जापानिज राजदूत, अमेरिकी राजदूत, भारतीय राजदूत, जाईका प्रतिनिधि, क्यानेडियन बारका प्रतिनिधि, नर्वेजियनबारका प्रतिनिधि, नर्वेजियन राजदूत, अमेरिकन बार एशोसिएशनका प्रतिनिधि, UNDP/RolHR प्रतिनिधि, DLA Piper का प्रतिनिधि, Women Lawyers Joining Hands का प्रतिनिधि, IDEA International का प्रतिनिधि, कानून समाजका प्रतिनिधि लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरु तथा संघ संस्था संग सुमधुर सम्बन्ध कायम राखि आउँदा दिनमा नेवाएको विभिन्न कार्यक्रमहरुलाई सहयोग पुऱ्याउने बचन वद्धताका साथ यसले सकरात्मक परिणाम ल्याउने अपेक्षा लिएको छ ।

३२. **सम्झौता भई गर्न बाँकी रहेका तालिमहरु**

(क) नेवाए र जाईका विच मेलमिलाप सम्बन्धी ९ वटा कार्यक्रमहरु यथासक्य चाँडो गरिनेछ ।

(ख) नेवाए र UNDP/RoLHR विच सम्झौता भई Refresher Training for Legal Aid Lawyers ३ दिने ८ वटा कार्यक्रम सम्पन्न गर्न बाँकी रहेको र यथासक्य चाँडो सम्पन्न गरिने छ ।

३३. **निकट भविश्यमा गर्ने कार्यक्रमहरु**

**(क) स्थानीय तहको निर्वाचनको पर्यवेक्षण सम्बन्धमा**

विधिको शासन, लोकतन्त्र, मानवअधिकार, आवधिक निर्वाचन एवं संवैधानिक सर्वोच्चता नेपाल बार एशोसिएशनको स्थापनाकालदेखि कै मार्गदर्शन र सिद्धान्त भएकोले आगामी २०७४ बैशाख ३१ गतेका दिन सम्पन्न हुन गईरहेको स्थानीय तहको निर्वाचनको लागि नेपाल बार एशोसिएशनले निर्वाचन पर्यवेक्षणको लागि निर्वाचन आयोगबाट अनुमति प्राप्त गरिसकेकोले लामो समय र छोटो समयको पर्यवेक्षण गर्नका लागि नेबाए अन्तरगत रहेका ८७ वटा बार एकाइहरु रहे भएका झण्डै १०,०००।-कानून व्यवसायी निर्वाचन पर्यवेक्षण गर्नका लागि आर्थिक व्यवस्थापन भएपश्चात निर्वाचन पर्यवेक्षक खटाउने निर्णय भएको व्यहोरा जानकारी गराउँदछु ।

**(ख) न्यायदूत प्रकाशन**

हालसम्म **न्यायदूतको** प्रकाशन, लेखक पारिश्रमिक, वितरण तथा प्रवन्ध सम्पादकको तलव भत्ता लगायतको खर्च न्यायमा पहुँच परियोजनाले व्यहोर्दै आएको र हालसम्म न्यायदूतबाट संकलित रकम छुट्टै खातामा राख्ने प्रावधान रहेकोमा **न्यायदूत** प्रकाशनमा नर्वेजियन सहयोग रकम प्रयोग नगर्ने सहमति अनुसार उप्रान्त अर्थात पूर्णाङ्क २०६ देखिको न्यायदूत प्रकाशनको खर्च व्यवस्थापन गर्ने **UNDP - ROLHR** परियोजनासँग अनुरोध गरिएकोमा नेबाएको अनुरोधलाई सकारात्मक रुपमा लिई न्यायदूतको छपाईसम्बन्धि कार्यलाई

व्यवस्थित र नियमित गर्ने सङ्कल्पसहित निकट भविश्यमा न्यायदूत प्रकाशन गर्ने व्यहोरा जानकारी गराउँदछौ ।

(ग) **नेबाएको रणनीतिक योजना निर्माण सम्बन्धमा:**
नेबाएले २०७४ साल वैशाख देखि २०७५ साल चैत्र सम्मको १ वर्षे कार्यकाल पूर्णतया कानून व्यवसायीहरुको वृत्तिविकास, तालिम, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून सम्बन्धी, सेमिनार, गोष्ठी र प्रत्येक विषयको विशेषज्ञता तालिम, अन्तराष्ट्रिय अदालत यात्रा, कानून विषयमा छात्रवृत्तिमा स्नातकोत्तरको लागि पठाउने, कानूनी साक्षरता, कानूनी सहायता, स्वेच्छिक कानूनी सेवा र न्यायमा पहुँच पुऱ्याउने कार्यक्रम गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

(घ) नेपाल बार एशोसिएशनले आफ्नो बार इकाइहरुलाई इन्टरनेट सञ्जालमा जोड्ने कार्यक्रम यथासिघ्र गर्ने छ ।

(ङ) मेलमिलाप तालिम सम्बन्धमा मेलमिलापसम्बन्धी ऐन, २०६८ अनुसार नेपाल बार एशोसिएशनले मेलमिलापसम्बन्धी तालिम, अनुसन्धान एवं विभिन्न रचनात्मक क्रियाकलापहरुमार्फत मेलमिलापको क्षेत्रमा आफुलाई अग्रपंक्तिमा उभ्याउन सफल भएको आ.ब. २०७३/०७४ मा पनि उल्लिखित मेलमिलाप सम्बन्धी कार्यक्रम प्राथमिकता दिई अगाडी वढाउने छ ।

(च) विभिन्न सरकारी तथा गैर सरकारी संस्था संग कुनै पनि वार एशोसिएशन सँग सम्बन्धित कार्ययोजना संचालन गर्दा नेवाए सँग सम्झौता गरी तत् पश्चात नेवाएले सम्वन्धित वार इकाईलाई पत्राचार र सम्झौता वमोजिम कार्य गर्न गराउने र यस्तो कार्य गर्दा सम्पूर्ण सरकारी तथा गैह्र सरकारी संस्थालाई नेवाए केन्द्रिय कार्यसमिति सँग सम्पर्क गर्न अपिल गर्ने ।

३४. **मानव अधिकार गोष्ठी र कानून व्यवसायी महिला राष्ट्रिय सम्मेलनबाट पारित घोषणा पत्रहरु**
नेपाल बार एशोसिएशनको मानव अधिकार गोष्ठी र कानून व्यवसायी महिला राष्ट्रिय सम्मेलनबाट जारी भएका घोषणापत्रहरुलाई नेबाएको वेभसाइट **www.nepalbar.org** मा क्रमैसँग मिलाएर राखिएको छ ।

३५. **नेबाएद्वारा प्रेषित बिज्ञप्ती तथा धारणाहरु**
नेबाएले संवैधानिक, कानुनी, मानवअधिकारको रक्षार्थ तथा विभिन्न महत्वपूर्ण विषयहरुमा जारी गरेका प्रेस वक्तव्यहरु यहाँहरुको जानकारी एवं अध्ययनको लागि नेबाएको वेभसाइट **www.nepalbar.org** मा क्रमैसँग राखिएको छ । आशा छ यहाँहरुले यि दस्तावेजहरुको गहन अध्ययन गरी आगामी दिनका लागि हामीलाई मार्गनिर्देश गर्नुहुने नै छ ।

(३६) न्यायपालिकाकामा देखिएको ढिलासुस्ती, विकृति र विसंगतिलगायतका विषयहरुमा नेबाए केन्द्रीय कार्यसमितिले सल्लाहकार लगायत मुलुकभरीकै बार इकाईहरु तथा कानुनव्यवसायीसँग निरन्तर छलफल र परामर्शहरु गर्दै हाल अदालतप्रति घट्दै गएको जनआस्था संविधान ऐन कानूनको परिपालना, शक्ति पृथकीकरण सिद्धान्तको परिपालना, विभिन्न समयमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको व्याख्यामा देखिएको अनुकुलता र प्रतिकुलतामा भएका व्याख्या, टिका टिप्पणी, लगाएतका गंभिर विषयमा स्वतन्त्र सक्षम, उत्तरदायित्वपूर्ण न्यायपालिकालाई देखिएको चुनौती प्रति नेवाएले विधिको शासन, कानूनी राज्य, मानव अधिकारको संरक्षणका लागि बार र वेञ्च विचको सुमधुर सम्बन्ध कायम राख्न अथक प्रयास गर्ने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छौं ।

(३७) **प्रत्येक महिनाको अन्तिम शुक्रवार महिला वैठक सम्बन्धमा**
प्रत्येक महिनाको अन्तिम शुक्रवार नयाँ विषयमा कार्यक्रम संचालन गर्दै आएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

(३८) **शान्ति र लोकतन्त्रको लागि पेशागत संजाल पापड**
शान्ति र लोकतन्त्रको लागि पेशागत संजाल पापड मार्फत मानव अधिकार, प्रेस स्वतन्त्रता, लोकतन्त्र, विधिको शासन, संविधानको कार्यान्वयनको सम्बन्धमा एक्यवद्धता भई क्रियासिल रहेको व्यहोरा जानकारी गराउदछाँ ।

**धन्यवाद ज्ञापन**

नेवाएको स्थापनाकालदेखि हाल सम्म बारको मान, इज्जत, प्रतिष्ठा कायम राख्न विभिन्न आरोह, अवरोह पार गरी समृद्ध, सक्षम बारको परिकल्पना गर्दै यो स्थितिमा पुऱ्याउन सहयोग गर्ने सम्पूर्ण अग्रज कानून व्यवसायी, सम्पूर्ण बार इकाईका अध्यक्ष, सचिव र सम्पूर्ण कानून व्यवसायी विद्वान, विदुषीहरु, यस बार एशोसिएशनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु भएका विभिन्न तह र तप्कामा रहनु भएका सम्माननीय, माननीय, विशिष्ट व्यक्तित्वहरु, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संघ संस्थाहरु गैरसरकारी संस्थाहरु, आमसञ्चार माध्यमका मित्रहरु लगायत नेवाए कर्मचारी एवं सम्पूर्ण मित्रहरु, IBA, Law ASIA, UNDP RoLHR, Japanese Bar Association, Chines Bar, China Law Society, Americal Bar Association, The Asia foundation, Supreme Cort Bar Associaton Of India, Internationla IDEA, ICJ, ILF Nepa, DLA Piper, Women Lawyers Joining Hands Canada लगायतका दातृ संस्थाहरु प्रति नेवाए हार्दिक धन्यवाद ज्ञापन गर्दै यहाँहरुको सरसल्लाह र सहयोगको अपेक्षा गर्दछु । धन्यवाद

मिति २०७४।१।८ गते

.....................

खम्मबहादुर खाती
महासचिव
नेपाल बार एशोसिएशन